# प्रेस विज्ञप्ती

मितिः २०८०/०२/०१

श्री शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि., कौशलटार, भक्तपुरले बचतकर्ता सदस्यहरुको बचत रकम फिर्ता गर्न नसकेको कारणबाट समस्या उत्पन्न भए पश्चात संस्थाका सम्बन्धमा यस विभागले मिति २०८०/०१/१७ को प्रेस विज्ञप्तीमा उल्लेख गरेका विषयका अतिरिक्त हाल सम्म गरेका प्रयास र प्राप्त विवरणहरु तपसिल बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

१. संस्थाको तर्फबाट पेश भएका जग्गाधनी पूर्जाहरुको विवरण संलग्न राखी भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई रोक्का राख्न अनुरोध गरी विभागको च.नं. ९१८, मिति २०८०/०१/१७ मा पत्राचार गरिएको ।

२. संस्थाले पेश गरेको शेयर प्रमाणपत्रको विवरण संलग्न राखी कम्पनी रजिष्ट्रार कार्यालयलाई रोक्का राख्न अनुरोध गरी विभागको च.नं. ११७६, मिति २०८०/०१/२६ मा पत्राचार गरिएको।

३. संस्थाले पेश गरेको सवारी साधनहरुको विवरण संलग्न राखी यातायात व्यवस्था कार्यालय साना ठूला सवारीलाई रोक्का राख्न अनुरोध गरी विभागको च.नं. ११७५, मिति २०८०/०१/२६ मा पत्राचार गरिएको ।

४. केन्द्रिय अनुसन्धान व्यूरोले गरिरहेको अनुसन्धान कार्यलाई सघाउन विभागमा प्राप्त हुन आएका संस्था सम्बद्ध विभिन्न विवरण तथा सूचनाहरु मिति २०८०/१/२८, च.नं. ११८० को पत्र मार्फत ब्यूरोलाई उपलब्ध गराइएको ।

०८०।२।०१

उप-रजिष्ट्रार / सुष्मा अधिकारी